बलरा नगरपालिकाको आव्हान "स्वस्थ जीवन, प्राविधियुक्त गुणस्तरीय शिक्षा, उन्नत कृषि प्रविधि, व्यवस्थित सडक विस्तार, आर्थिक समृद्धिको आधार"

# बलरा नगरपालिकाको
# नीति तथा कार्यक्रम
## आ.व.२०८१-०८२

## बलरा नगरपालिकाको नगरसभाको
## १३ औं अधिवेशनमा
### नगर प्रमुख श्री रामा शंकर प्रसाद कुशवाहा द्वारा पेश
### नीति तथा कार्यक्रम
### आर्थिक वर्ष २०८१-०८२

## बलरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बलरा, सर्लाही
## मधेस प्रदेश, नेपाल
### २०८१ साल असाढ ०७ गते शुक्रवार

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७४

# बलरा नगरपालिका

## आर्थिक बर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम

## २०८१ अषाढ ७ गते शुक्रबार

**बलरा नरपालिका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र नगरसभा सदस्य ज्यूहरु।**

सर्वप्रथम बलरा नगरपालिका, नगरसभा १३ औं अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावलाई हार्दिक स्वागत गर्दछु ।

आर्थिक वर्ष २०८१-०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार पारिरहदा बलरा नगरपालिकाको आव्हान **"स्वस्थ जीवन, प्राविधियुक्त गुणस्तरीय शिक्षा, उन्नत कृषि प्रविधि, व्यवस्थित सडक विस्तार, आर्थिक समृद्धिको आधार"** भन्ने मुल नाराका साथ अगाढी बढेको छु ।

बलरा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभुति भएको छ । यस अवस्थामा म ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, स्थानीय सरकारको सबलता र लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण गर्न योग्दान गर्नुहुने सम्पूर्ण नगरवासीमा सम्मान व्यक्त गर्न चाहन्छु ।

नगरको सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक विधिता लाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढन नगर सरकारलाई दृढ र विश्वासिलो सरकारका रुपमा अघि वढाउन जनप्रतिनिधिहरु शासक होईनन जनताका सेवक हुन भन्ने मान्यतालाई शिरोधार्य गरि सहयोग, सहकार्य, समन्वय र साझेदारी संयन्त्र वाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्गदर्शन सिद्धान्तको रुपमा ग्रहण गरेको छु ।

गत आर्थिक वर्षमा नगरसभाले स्वीकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिको समिक्षा गर्दै अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पेश गरेको छु । बलरा नगरपालिकाको शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई वढी प्राथमिकतामा राखी अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । परिवर्तित परिवेश र बलरा नगरवासीको चाहनालाई सम्बोधन गर्ने लक्ष्य राखी



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

तयार गरिएको यस नीति तथा कार्यक्रमले समग्रतामा मौलिक र सुशासनयुक्त बलरा निर्माण गर्ने कार्यमा सघाउ पुग्ने कुरामा म विश्वस्त छु ।

अगामी आर्थिक वर्ष २०८१।०८२ को लागि नगरसभाको यस बैठकमा प्रस्तुत बलरा नगरपालिकाको नीति तथा विषयक्षेत्रगत कार्यनीतिको कार्यान्वयनबाट बलरा नगरपालिकालाई दिशा निर्देशन हुने अपेक्षा गरेको छु ।

नगर उप-प्रमुख ज्यू, नगरसभा सदस्य ज्यूहरु,
अब म विगत र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षको लागि प्रस्तावित नयाँ नीति तथा कार्यक्रम सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

नगरसभाका सदस्यज्यूहरु,
अब म आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रममा आर्थिक विकास तर्फ कृषि, पशुपन्छी तथा मत्सय, उद्योग वाणिज्य तथा वित्तिय, रोजगार सेवा, पर्यटन तथा संस्कृति, भुमि व्यवस्था तथा सहकारी, रोजगार सेवा,सम्बन्धी नीति प्रस्तुत गर्दछु ।

**नीति तथा कार्यक्रम :**

➢ **आर्थिक विकास तर्फ :**

(क) कृषि तर्फ :

१. तीन वाली खेती गर्ने किसान र व्यवसायिक ढंगले खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरेको छ ।
२. किसानलाई निःशुल्क सिचाँई भन्ने कार्यक्रमको लागि प्रत्येक किसानलाई कृषि मिटरको सम्पूर्ण लागत नगरपालिकाले व्यहोर्ने व्यव्स्था गरेको छ ।
३. कृषकको उत्पादित वस्तुको बिक्रीदरलाई सन्तुलित राख्न बलरा नगरभित्र एउटा सीत भण्डार (कोल्ड स्टोर) भवन निर्माणमा जोड दिईनेछ ।
४. फलफुल व्यवसायिक खेतीमा जोड दिईनेछ । केरा । आँप खेतीलाई बढावा दिन केरा खेती र आँप खेती पाकेट क्षेत्र निर्माण गरिनेछ ।
५. किसानलाई सहज र सस्तो मलखाद उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
६. चैते धान खेती र हिउँदे मकै खेतीको लागि किसानलाई अनुदानको व्यवस्था मिलाईने छ ।
७. कृषि उत्पादनलाई बढाउन माटो परीक्षणको कार्यलाई निरन्तरता दिइनेछ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

८. आधुनिक र व्यवसायिक फर्म सञ्चालन गर्न कृषकलाई प्रोत्साहन गरिने नीति लिइने छ।
९. कागती खेती गर्ने किसानको विशेष अनुदानको व्यवस्था गरिने छ ।
१०.किसान सुचिकरण कार्यलाई प्रभावकारी बनाइने छ ।
११.कृषि उपज बढाउन किसानहरुको आपसी सम्झदारीमा जग्गा चकलाबन्दी गरी वृहत कृषि खेती गर्ने किसानलाई सम्पूर्ण बिउ, मल, खाद र सिंचाईको व्यवस्था गर्नेछ ।
१२.उत्कृष्ट किसानलाई सम्मन र पुरस्कार प्रदान गरिनेछ ।
१३.बलरा नगर भित्र प्रत्येक वाडामा कृषि विद्युतियकरण गरिनेछ ।

(ख) पशुपन्छी र मत्स्य तर्फ :

१४. नगरलाई दुधमा आत्मनिर्भर बनाउन गाई र भैंसी पालनमा जोड दिइनेछ । यसको लागि व्याएको उन्नत जातको भैंसी र ब्याएको उन्नत जातको गाई खरिद गर्ने किसानलाई अनुदान दिइनेछ ।
१५. गरिब वा विपन्न (विधवा) परिवारको आर्थिक उपार्जनमा सहयोग हेतु प्रत्येक परिवारलाई उन्नत जातको बाख्रा अनुदान दिइनेछ ।
१६. पशु पंक्षीको परम्परागत ढंगले गरिने गर्भधारणलाई विस्थापित गरी विकसित व्रिडबाट गर्भाधारण गर्ने व्यवस्था मिलाईनेछ ।
१७. व्यवसायिक रुपमा पशुपंक्षी पादन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाईनेछ ।
१८. माछा व्यवसायलाई बढावा दिइने नीति लिईनेछ । माछाको उत्पादन बढाउन माछाको पकेट क्षेत्र निर्माण गरिनेछ । आफै माछापालन गर्ने किसानलाई विशेष अनुदानको व्यव्सथा गरिनेछ ।
१९. दुग्ध खरिदको ग्यारेन्टी गर्न दुग्ध चिस्याउन केन्द्रको लागि पहल गरिनेछ ।
२०. माछा मासुको विक्री वितरणलाई स्वच्छ र सफा राख्न विशेष व्यवस्था गरिनेछ ।
२१. मत्सय पालन गर्न झाझर खोलालाई व्यवस्थित गरिनेछ ।

(ग) भुमि व्यवस्था तथा सहकारी :

२२. यस नगरपालिकाको विभिन्न गाउँमा वर्षौं देखि भोग चलन गर्दै आएको ऐलानी पर्ती जग्गालाई भोगचलनको आधारमा नाप जाँच गराई नेपाल सरकारको भूमि सम्बन्धि समस्या समाधान आयोग मार्फत लालपूर्जा वितरणको व्यवस्था मिलाईनेछ ।
२३. भुमिहीन सुकुम्वासीहरुलाई आवश्यक जग्गाको व्यवस्था गरिनेछ ।
२४. ऐलानी सार्वजनिक जग्गालाई संरक्षण तथा सदुपयोगको नीति लिईनेछ ।
२५. सहकारी संस्थाहरुको नियमन गरिनेछ ।
२६. सहकारी मार्फत हुने विक्री वितरणलाई व्यवस्थित र पारदर्शी गरिनेछ ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

२७. कृषि सहकारी र ऋण तथा बचत सहकारी संस्थाहरुलाई प्रोत्साहन र नियमन गरिने छ ।

(घ) पर्यटन तथा संस्कृति :

२८. गढीमाई र सीतलामाई मन्दिरलाई पर्यटकीय स्थलको रुपमा निर्माण गरिनेछ ।
२९. सुदामा बैरेजलाई पर्यकटीय स्थलको रुपमा स्तरोन्नत्ती गरिनेछ ।
३०. सुनरमाई मन्दिरको पुर्ननिर्माण कार्यलाई तीव्रता दिँदै समाजमा पहिचान दिलाउन व्यापक रुपमा प्रचार प्रसार गरिनेछ ।
३१. बलरालाई आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गर्न जग्गा एकीकरण आयोजना मार्फत विकसित नयाँ चौक एवम् बजार क्षेत्रमा रहेका अन्य चौकहरुको नामाकरण यहाँको मौलिक परम्परा, ऐतिहासिक एवम् मौलिक पक्षहरुको विकासमा विशेष ध्यान दिईनेछ ।
३२. ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटनको लागि आधारभुमिको रुपमा रहेको बलरा परम्परागत एवम् मौलिक पक्षहरुको विकासमा विशेष ध्यान दिइनेछ ।
३३. पर्यटन विकासका लागि अन्य पूर्वाधार निर्माणमा समेत ध्यान दिइनेछ ।
३२. नगरभित्र रहेका सांस्कृतिक समूह एवम् किर्तन मण्डलीलाई प्रोत्साहन गर्न अनुदान स्वरुप बादनयन्त्र लगायतको सामाग्री वितरण गरिनेछ ।
३३. नगरभित्रको मठ मन्दिरको संरक्षण र सञ्चालनमा विशेष ध्यान दिइनेछ ।
३४. हरित पार्क निर्माण गरिनेछ ।
३५. बलरा नगरपालिकाको मुख्य पर्व र मेलाहरुमा आर्थिक सहयोग गरिनेछ ।

(ङ) उद्योग, वाणिज्य तथा वित्तिय :

३६. घरेलु उद्योगलाई नियमन गरिनेछ । नगरभित्रको उद्योग व्यवसायलाई प्रोत्साहन गर्न विशेष अनुदानको व्यवस्था गरेको छु ।
३७. नगरभित्र उद्योग ग्राम निर्माणका लागि विशेष पहल गरिनेछ ।
३८. नगरभित्र उद्योग स्थापना गर्न चाहने व्यक्ति तथा संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
३९. वित्तिय संस्थाहरुको स्थापना एवम् प्रोत्साहनमा जोड दिइनेछ ।
४०. रोजगार सृजना हुने सीप विकासमा विशेष जोड दिइनेछ ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

(च) रोजगार सेवा :

४१. रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताको आधारमा न्यूनतम रोजगारीको प्रत्याभुति गराईनेछ ।

४२. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई नगरपालिकाबाट सञ्चालन हुने एक वडा एक पाकेट क्षेत्र लगाएत अन्य सिपमुलक तालिममा सहभागी गराई दिगो रोजगारी सिर्जना गर्ने व्यवस्था गरिनेछ ।

४३. नगरपालिका तथा वडागत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरि सञ्चालन गरिने छ ।

४४. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई प्रस्थान पुर्व अभिमुखिकरण, भाषा लगाएतका अन्य रोजगारीको अवसर तथा सम्भावनाहरुको खोजी गर्नका लागि रोजगार संवाद मञ्च प्रभावकारी बनाईनेछ ।

४५. बेरोजगार सुचिमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई सेवाको छनोटमा प्राथमिकता दिईनेछ ।

४६. आप्रवासी कामदार तथा तिनीहरुका परिवारको सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नमा सहयोग गरिनेछ ।

४७. आप्रवासी कामदारहरुले वैदेशिक रोजगारीको दौरानमा सिकेका सीप तथा व्यवसायिक ज्ञान प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्ने व्यवस्था मिलाईनेछ ।

४८. योगदानमा आधारित अनौपचारिक क्षेत्रको कामदारहरुको समाजिक सुरक्षा कोषमा आवद्ध गर्न बजेट विनियोजन गरेको छु ।

सभाका सदस्यज्यूहरु,
अब म, सामाजिक विकास तर्फ शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैगित सम्मानता तथा साामजिक समावेशिकरण, सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीतिहरु सम्बन्धी नीति प्रस्तुत गर्दछु ।

२. सामाजिक विकास तर्फ :

(क) शिक्षा तथा खेलकुद :

४९. नगरलाई साक्षर बनाउने कार्यक्रमलाई अझ प्रभावकारी तुल्याईनेछ ।

५०. गुणस्तरीय शिक्षामा जोड दिँदै विद्यालय पूर्वाधारको दायरा र स्तर वृद्धि गर्न पठनपाठनको लागि चाहिने पूर्वाधार निर्माण गरिनेछ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

CamScanner

५१. नगरपालिका भित्र रहेका माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

५२. सम्पूर्ण विद्यालयहरुमा शैक्षिक गतिविधिहरुको लागि कार्ययोजना बनाई प्रभावकारी अनुगमनको व्यवस्था मिलाईने छ ।

५३. उत्कृष्ट शिक्षण सिकाई र परिमाण दिने शिक्षक र विद्यालयलाई पुरस्कृत गरिनेछ । अन्य विद्यालयलाई क्रमश: शैक्षिक सुधारको लागि आवश्यक नितिगत व्यवस्था मिलाईनेछ ।

५४. नगरपालिका भित्र रहेका दलित विधार्थीहरुलाइ नि:शुल्क कक्षा १२ सम्म आवासीय सुविधा सहित छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

५५. विधार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षकको दरबन्दी मिलान गरिनेछ

५६. प्राथमिक कक्षामा १०० प्रतिशत भर्ना दर पुर्याइनेछ ।

५७. प्रत्येक वडामा एक खेल मैदानको नीति लिईनछ ।

५८. शैक्षिक क्यालेण्डर तयार गरि समग्र विद्यालयको पठनपाठनमा एकरुपता कायम गरिनेछ ।

५९. नगरपालिाको माध्यमिक विद्यालय मा कक्षा ११ मा अध्ययन गर्ने छात्राहरुलाई नि:शुल्क साईकलको व्यवस्था गरिनेछ ।

६०. नगरभित्रकाको सम्पूर्ण विद्यालयमा डिजिटल हाजिरी र CCTV जडान गरिनेछ ।

६१. पालिका स्तरीय विद्यालय खेलकुद सप्ताह सञ्चालन गरिनेछ ।

६२. प्रत्येक वडाबाट उत्कृष्ट हुने जेहेन्दार छात्र छात्रालाई छात्रवृतिको व्यवस्था गरिनेछ ।

## (ख) स्वास्थ्य तथा पोषण :

६३. प्राथमिक स्वास्थ्य केन्द्र अचलगढ केन्द्रको स्तरोन्नती गर्दै थप चिकित्सकको व्यवस्था मिलाईनेछ ।

६४. बलरा नगरपालिकामा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्र बलरा न.पा.९ लाई नगर अस्पतालमा परिणत गरी सबै सेवा प्रदान गर्ने केन्द्रको रुपमा स्थापित गरिनेछ ।

६५. नगर औषधि पसल स्थापना गरि नागरिकहरुलाई सुलभ दररेटमा औषधि विक्री वितरणको प्रवन्ध मिलाईनेछ ।

६६. कम्तीमा हप्ताको २ दिन प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीमा खटिएका स्वास्थ्यकर्मीहरुले आ-आफ्नो वडामा अनिवार्य रुपमा घुम्ती स्वास्थ्य सेवा संचालन गरिनेछ ।

६७. वडा नं.११ मा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरि चाँडै सञ्चालन गरि अन्य वडामा नागरिक आरोग्य सञ्चालन सुरु गरिनेछ ।

बलरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलरा, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

रामाशंकर प्रसाद कुशवाहा नगर प्रमुख

६८. स्वास्थ्य जिवन शैलीको लागि योगा महत्वपूर्ण भएकोले योगा शिक्षाको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६८. केन्द्र तथा प्रदेश सरकार र जिल्ला अस्पताल सँगै समन्वय गरि स्वास्थ्य परीक्षण सेवाको प्रवन्ध मिलाईनेछ

६९. पूर्ण खोप पालिका, दिगोपना कायम राख्ने, पोषणमैत्री पालिका घोषणा, जिरो होम डिलेभरी गर्ने कार्यक्रमहरु अवलम्वन गरिनेछ ।

७०. गुणस्तरीय स्वास्थ्य सेवामा सवै नगरवासीको पहुँच पुर्याउने अनिवार्य स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरि लागु गरिनेछ ।

७१. स्वास्थ्य संस्थाको सेवा प्रवाह र सेवाग्राहीको संख्यातमक विश्लेषण गरि बढी सेवाग्राही भएका स्वास्थ्य संस्था र जनशक्तीको स्तरवृद्धि गर्न पहल गरिनेछ ।

७२. स्वास्थ्य क्षेत्रमा आधुनिक सुचना प्रविधिकोअ प्रयोग गरि स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शि र जनउतरदायी बनाउने सुशासनमा जोड दिईनेछ ।

७३. आर्युवेद औषधालय सञ्चालन गरी सेवा प्रभावकारी र गुणस्तरीय बनाउन पञ्चकर्म सेवा सञ्चालन, चिकित्सा सेवा, औषधि, उपकरण तथा जनशक्तीको व्यवस्थापन गरिनेछ ।

७४. स्वास्थ्य सेवालाई गुणात्मक सुधारको लागि आधुनिक उपकरण, ल्याबको व्यवस्था, भौतिक पूर्वाधार सुधार र उच्च तहका जनशक्ती व्यवस्थापन गर्नको लागि संघ र प्रदेश सँग समन्वय गरि व्यवस्थापन गरिनेछ ।

७५. गरिव र विपन्न नागरिकलाई नि:शुल्क रुपमा स्वास्थ्य बीमा सँग जोडिनेछ ।

७६. हरेक स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य चौकीको आफ्नै भवन निर्माण गरिनेछ ।

७७. सञ्चालनमा रहेको वथिङ्ग सेन्टरमा एम्बुलेन्स सेवाको सुविधा मिलाईनेछ ।

७८. गर्भवती सुत्केरी महिला र जेष्ठ नागरिकलाई जिल्ला भरी नि:शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

**(ग) <u>खानेपानी तथा सरसफाई</u> :**

७९. स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईका लागि गैर सरकारी संस्था सँग समन्वय गरि योजना, नीति तथा कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यसलाई अझ प्रभावकारी बनाउनका लागि नीतिगत व्यवस्थापन गरिनेछ ।

८०. नगरपालिका भित्रका प्रत्येक नागरिकलाई स्वच्छ तथा गुणस्तरीय खानेपानीको सुलभ पहुँच सुनिश्चित गर्न खानेपानीको श्रोत संरक्षण तथा व्यवस्थापन, नयाँ श्रोतको खोजी, खानेपानी वितरण प्रणली निर्माण तथा विस्तार गर्ने आवश्यक पहल गरिनेछ ।

८१. प्रत्येक दलित वस्तीमा सेफ्टी ट्याङ्कीसहित शौचालय निर्माणमा जोड दिईनेछ ।

८२. हाम्रो सफा नगर , स्वच्छ नगरको नीति लिईनेछ ।



रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

८३. कुहिने र नकुहिने फोहोरको वर्गिकरण गरी डम्पिडंग साईटमा विसर्जन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ

८४. नदी, खोला, नाला, कुलोमा फोहोरमैला फाल्ने तथा ढल मिसाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।

८५. नगर क्षेत्र भित्रका प्रमुख बजारहरु, खोलानाला र सडक सफाई कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

८६. सरसफाईका लागि प्रशासन, सुरक्षा निकाय, सीमा जोडिएका पालिका, गैरसरकारी संघ संस्था, विद्यालय र आम नागरिकहरु बीचमा सहकार्य र समन्वय कायम गरिनेछ

८७. संचालनमा रहेका तथा अधुरा खानेपानी योजनाहरुको नियन्त्रण र नियमन गरिनेछ ।

८८. हरेक नगरवासीलाई शुद्ध खानेपानीको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

८९. WASH ऐन र WASH Plan बनाई लागु गरिनेछ ।

९०. जलनल कार्यक्रम अन्तर्गत एक घर दुई नलको व्यवस्था गरिनेछ ।

(घ) **लैगित सम्मानता तथा सामजिक समावेशिकरण :**

९१. बाल विवाह मुक्त पालिका घोषणाको नीति लिईनेछ ।

९२. दलित तथा विपन्न गरिव परिवारलाइ आवासको व्यवस्थाको लागि पहल गरिनेछ ।

९३. महिला सशक्तीकरणमा जोड दिई बाल विवाह, दाईजो प्रथा, बोक्सी जस्ता समाजिक कुप्रथालाई निरुतसाहित गर्नको लागि विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ

९४. प्रत्येक दलित, सहिद परिवार, विधवा विपन्न परिवार तथा जेहेन्दार र मेहेन्ती छात्रालाई शिक्षाप्रति प्रोत्साहित गर्नको लागि साईकल लगायतका अन्य शैक्षिक सामाग्री वितरण गरिनेछ ।

९५. एकल महिला, अपांग भएका व्यक्ति, द्वन्द पिडीत, घरवार विहिन, तथा अति गरिव लगायत आर्थिक सामाजिक रुपमा पछाडि पारिएका परिवारका सदस्यहरुका लागि स्वरोजगारमूलक तालिम सञ्चालन गरिनेछ ।

९६. विभिन्न संघ संस्थाहरुको सहकार्य र समन्वयमा लैगिंक हिंसा तथा सामाजिक कुरिति न्यूनिकरणका लागि विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९७. उत्कृष्ट महिला तथा अपांग उद्यमीहरुलाई पुरष्कृत गर्ने व्यवस्था गरिनेछ ।

९८. लागुऔषध दुव्रयसनी, मानव बेचविखन ओसार पसार नियन्त्रण, संगठित अपराध, आत्महत्या न्यूनिकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९९. बाल विवाह दर शुन्य गर्न कक्षा १२ पास र २० वर्ष पार गरेकी छोरीलाई विहेमा ३० हजार उपहार र स्नातक कक्षा पास र २० वर्ष पार गरेकी छोरीलाई ५० हजार उपहार प्रदान गरिनेछ ।

१००. बाल विवाह न्यूनिकरण गर्न कक्षा १२ पास र २० वर्ष पार गरेकी दलित छोरीलाई विहेमा एक लाख रकम उपहार दिईनेछ ।



रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

(ङ). सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीतिहरु :

१०१. शिक्षा, तालिम, कार्यक्रम, पम्पलेट, रेडियो जिंगल तथा सडक नाटक र घुम्ती शिविर मार्फत व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षाको महत्व अभिवृद्धिगरि सबै नागरीकमा पहुच पुर्याइनेछ ।

१०२. सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली लाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

१०३. अनलाईन मार्फत सामाजिक सुरक्षा भत्ता र व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यलाई प्रभावकारी बनाईनेछ ।

सभाका सदस्यज्यूहरु,
अब म पूर्वाधार विकास तर्फ सडक, यातायात, भवन तथा शहरी विकास, सूचना तथा सञ्चार सम्बन्धी नीति प्रस्तुत गर्दछु ।

## ३. पुर्वाधार विकास तर्फ :

### (क) सडक यातायात, भवन तथा शहरी विकास नीति :

१०४. नगरपालिकाको प्रशासनीक भवन निर्माण कार्य आ.व.२०८१-०८२ मै सुरु गरिनेछ ।

१०५. चालु आ.व.मा शुरु भई सम्पन्न हुन बाँकी रहेका योजनाहरुलाई प्राथमिकतामा राखी आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

१०६. सडक गुरु योजना बनाई लागु गरिनेछ ।

१०७. यस नगरपालिका भित्र रहेका सम्पूर्ण कच्ची सडकलाई ग्राभेल तथा ढलान गरिनेछ ।

१०८. सडक पूर्वाधारको विकास, समृद्धिको आधार भन्ने नारासहित यस नगरलाई यसै आ.व.मा कच्ची सडकमुक्त नगरपालिका घोषणा गरिनेछ ।

१०९. सडकहरु वर्गीकरण गरी सडक संहितामार्फत सडक सुरक्षा कार्येयोजना तुरुन्त कार्यान्वयनमा ल्याइनेछ ।

११०. ढल निकास सहित प्रत्येक घरलाई नालासँग जोड्ने र सडक ढलान कार्यलाई तीव्रता दिईनेछ ।

१११. कृषि सडक निर्माण सँगै सडक मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।



बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

CamScanner

११२.नगरस्तरीय सडक निर्माणको कार्यलाई तीव्रता दिने उदेश्यले निर्माण संस्थाहरुलाई प्रोत्साहनको नीति लिईनेछ

११३.नगरपालिका स्तरीय बाहिरी चक्रपथ निमार्णको विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ ।

११४.स्थानीय पूर्वाधार विकास कार्यक्रममा DPR तयार भएका भवन, सडक, पुल, खानेपानी सिचाई, तटबन्ध, फोहोरमैला व्यवस्थापन लगायतका आयोजनाहरुलाई उच्च प्राथमिकतामा राखिनेछ ।

११५.नगरपालिकाका सडकहरुलाई "Clean & Green" सडकका रुपमा विस्तार गर्दै लगिनेछ ।

११६.सवै बस्तिलाई व्यवस्थित गर्न Town Planning को नीति लिइनेछ ।

११७.नक्सा पास गर्न/गराउन र भुकम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

११८.निर्माणाधिन धर्मशाला योग तथा ध्यान केन्द्र सञ्चालनको नीति लिइनेछ ।

११९.हरितपार्क बलरा न.पा.११ छतौनालाई निरन्तरता गरिनेछ ।

१२०.हरेक वार्ड को कार्यालय भवन निर्माण गर्ने आवश्यक बजेट व्यवस्था मिलाईनेछ ।

## (ख) सिंचाई तथा नदी नियन्त्रण :

१२१. हर खेतमा सिंचाई को नारा सहित सिंचाईको लागि नहरमा जोड दिदै नहर नपुगेको ठाउँमा डिप ट्युवेल तथा सुयालो ट्युवेलको व्यवस्था गरिनेछ ।

१२२. नि:शुल्क सिंचाईको नीति अनुरुप विद्युतको कृषि मिटर वापत लाग्ने रकम नगरपालिकाले तिर्ने व्यव्सथा गरेको छु ।

१२३. सुदामा मन्युषमारा सिंचाई लाई व्यवस्थित गर्न विशेष पहल गरिनेछ ।

१२४. मन्युषमारा नदी नियन्त्रणको कार्य प्रभावकारी बनाउँदै अगाडी बढाईनेछ ।

१२५. वैकल्पिक उर्जामार्फत सोलार ट्युवेल जडानलाई पनि ध्यानमा राखी वाली अनुकुल पानीको लागि आधुनिक सिंचाई प्रविधिमा जोड दिइनेछ ।

१२६. पुराना मन्युषमारा नदीमा सिंचाईको सेवा विस्तार गरिनेछ ।

## (ग) सुचना तथा सञ्चार नीति :

१२७. सुचना सञ्चार र प्रविधिमा सवै नगरवासीहरुको पहुँच पूर्याउन प्रभावकारी दुरसञ्चार सेवाको विस्तार गर्दै नगर भित्रका कार्यालयहरुमा जडान भएका Optical Fiber ,



बलरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलरा, सर्लाही मधेश प्रदेश, नेपाल २०७२

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

Network, Data Server, IP Camera लाई थप व्यवस्थित बनाउन Control Room को व्यवस्था गरिनेछ ।

१२८. पालिकामा सञ्चारलाई प्रभावकारी बनाउन सेवा प्रदायक संस्थाहरु सँग समन्वय गरिनेछ ।

१२९. पालिकाको सम्पूर्ण वडाहरुको श्रोत नक्शाकंन GIS Mapping कार्यलाई निरन्तरता दिइनेछ ।

१३०. आवश्यकताका आधारमा जनतासँग कार्यालय अनलाईन अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।

१३१. प्रविधि मैत्री सरकारी कार्यालय तथा कर्मचारी परिचालन गर्ने नीति लिईनेछ ।

१३२. नगर क्षेत्रका विभिन्न पक्षहरुको तथ्यांक तथा सूचनाहरु संकलन गर्न सूचना प्रविधिको प्रगोग गरिनेछ ।

१३३. नगरपालिकामा संकलित सूचना तथा तथ्यांकहरुको विश्लेषण गरी सारांश प्रकाशित गरी आवश्यकता अनुसार सूचना अधिकारी मार्फत सम्बद्ध पक्षलाई उपलब्ध गराईनेछ ।

१३४. प्रत्येक वडाहरुमा नेपाल टेलिकमको टेलिफोन लाईन जडानको लागि जोड दिइनेछ ।

**(घ) उर्जा :**

१३५. नगरलाई उज्यालो शहरको रुपमा रुपान्तरण गर्दै लगिनेछ ।

१३६. नगर भित्रको विद्युत प्रशारणलाई व्यवस्थित एवम् भरपर्दो बनाउन सम्पूर्ण ट्रान्सफर्मरको स्तरवृद्धि गरिनेछ ।

१३७. विद्युत वितरणको कार्यलाई विस्तार गर्दै सिंचाईको लागि खेत खेतमा विद्युत प्रशारण पुर्याइनेछ ।

१३८. नगरपालिका क्षेत्रभित्रको प्रत्येक बजार क्षेत्रका सडकहरुमा सोलार बत्ती जडान गरिनेछ ।

१३९. नगरपालिका क्षेत्रभित्रको वस्तीका सडकहरुमा रहेका विजुली पाेलहरुमा सेन्सर बत्ति जडानको कार्यलाई विस्तार गरिनेछ ।

१४०. अव्यवस्थित विजुली पोलहरुलाई व्यवस्थित गरी जोखिम कम गर्नुका साथै सडक क्षेत्रको संरक्षण र वस्तीको सौन्दर्यता बढाउने नीति लिइनेछ ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

४. संस्थागत विकास तथा सेवा प्रवाह :

१४१. नगरभित्रका सबै सरकारी कार्यालयहरुमा ई-हाजिरी जडान गरिनेछ ।
१४२. नगरभित्रका बजार क्षेत्रमा सिसि क्यामेरा जडान नीति ल्याइनेछ ।
१४३. विद्यालय, स्वास्थ्य संस्थाहरु र सरकारी कार्यालयहरुमा इन्टरनेट तथा सिसि क्यामेरा जडान कार्यलाई विस्तार गरिनेछ ।
१४४. नगरपालिकाका सम्पूर्ण सुचनाहरुमा जनताको पहुँच पुर्याउन वेवसाइटलाई प्रभावकारी बनाईनेछ ।
१४५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत पूर्वाधार विकासका साथै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ ।

नगरसभाका सदस्यज्यूहरु,
अब म सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ सुशासन तथा संस्थागत विकास, वित्तिय व्यवस्थापन तथा राजश्व परिचालन र न्याय सम्बन्धी नीति प्रस्तुत गर्दछु ।

७. सुशासन तथा संस्थागत विकास नीति :

१४६. आवश्यकताका आधारमा कानून बमोजिम संगठन विकासको थप अध्ययन गरी संगठन संरचना, दरबन्दीको व्यवस्था, शाखागत कार्य विवरण पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।
१४७. नगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी जनउत्तरदायी र पारदर्शि बनाउन सुशासनका सुचकहरुको प्रभावकारी प्रगोग गरिनेछ ।
१४८. कर्मचारीहरुलाई उत्प्रेरित गरी कार्य सम्पादनालाई प्रभावकारी बनाउन वृत्ति विकास, पुरस्कार र दण्ड सजायको नीति लिईनेछ ।
१४९. नागरिक वडापत्र, सुशासन हेल्प डेस्क, सार्वजनिक सुनवाई, गुनासो सुझाव पेटिका, सामाजिक परीक्षण तथा प्रभावकारी सूचना प्रशारण प्रणालीको व्यवस्था मिलाईनेछ ।
१५०. सबै वडामा टोल विकास संस्थाहरु गठन कार्यमा पूर्णता दिई नगर विकासमा परिचालन गरिनेछ ।
१५१. आर्थिक पारदर्शित र वित्तिय अनुशासन कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न खर्च कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।
१५२. जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता विकास, उत्प्रेरणा र अध्ययन अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख



CamScanner

१५३. वार्षिक बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको लागि वार्षिक कार्य योजना तयार गर्नुका साथै हरेक महिना सम्बन्धित शाखा प्रमुखहरुले कार्य अवस्थाको प्रगती सम्बन्धमा मासिक रिपोर्ट कार्ड तयार गरि विषयगत समितिका संयोजक मार्फत कार्यपालिका बैठकमा प्रस्तुत गर्ने नीति लिइनेछ ।

१५४. नगरपालिकाको विकास निर्माण, सेवाप्रवाहको अवस्था, राजश्व संकलन लगायतका आधारमा उत्कृष्ट वडाहरु छनोट गर्ने मापदण्ड निर्माण गरी पुरस्कृत गरिनेछ ।

१५५. सडक तथा फुटपाथमा हुने अव्यवस्थित पार्किङ, निर्माण सामाग्री तथा व्यापार र पसलहरुको अनाधिकृत प्रयोगलाई दुरुत्साहित गर्दै उचित व्यवस्थापन गरिने नीति लिईनेछ ।

१५६. आवश्यकताका आधारमा सम्भाव्यता अध्ययन गरी जनशक्ति सहितको कृषि र पशु सेवा केन्द्रहरु विस्तार गरिनेछ ।

## ८. राजश्व संकलन तथा परिचालन सम्बन्धि नीति :

१५७. राजश्व परामर्श समितिको सिफारिसमा पेश भएका कर, सेवाशुल्क, दस्तुरको दररेटलाई आधार मानी आन्तरिक आय संकलन कार्यलाई निरन्तरता दिईनेछ ।

१५८. नगरपालिकालाई आन्तरिक राजश्व वृद्धि गर्न सबल, सक्षम र प्रतिस्पर्धी बनाउन करको दायरालाई फराकिलो बनाईनेछ । यसको लागि सरोकारबाला पक्षसँग आवश्यक छलफल समन्य तथा सहकार्य गरि आवश्यक नीति निर्माण गरिने छ ।

१५९. राजश्व संकलनको लागि पालिका र वडामा Software प्रणालीबाट अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ ।

१६०. आम जन्तालाई कर तथा राजश्वको महत्व बारे जनचेतना मुलक कार्यक्रम गरिनेछ ।

१६१. नगरपालिका भित्र सवै भन्दा बढी कर राजश्व संकलन गर्ने वडा सचिवलाई पुरस्कार तथा सम्मानको व्यवस्था गरिने कार्यको थालनि गरिनेछ ।

१६२. समसामयिक राजश्व परिचालन तथा कर नीतिका बारेमा करदाता शिक्षा, कर सप्ताह कार्यक्रम, डिजिटल कर प्रणाली सञ्चलन गरिनेछ ।

१६३. राजश्वछली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षणको व्यवस्था मार्फत सुचना संकलनको प्रभावकारी संयन्त्र स्थापना गरि परिचालन गरिनेछ ।

१६४. असल करदाता तथा असल कर संकलन कर्तालाई सम्मान गर्ने नीति लिइनेछ ।

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

बलरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलरा, सर्लाही मधेश प्रदेश, नेपाल

## ९. न्याय सम्बन्धी नीति :

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

१६५. न्यायमा सहज पहुँच अभिवृद्धि गर्न मेलमिलाप केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
१६६. मेलमिलाप कर्ताहरुलाई प्रोत्साहन गर्न क्षमता बिकास गर्दै लगिनेछ ।
१६७. आम नगर वासीको न्यायमा पहुँच अभिवृद्धि गर्न वडा टोल तथा बस्ती स्तरमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
१६८. यस नगरपालिका र अन्य स्थानीय तह न्याय सम्पादन, कार्यान्वयन, अनुभव र सिकाईहरु आदान प्रदान गरी न्यायिक प्रणाली प्रभावकारी बनाईनेछ ।

नगरसभाका सदस्यज्यूहरु,
अब म वन, वातारण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति प्रस्तुत गर्दछु ।

## १०. वन, वातावरण तथा विपद् व्यवस्थापन :

१६९. सामुदायिक वन विकासमा जोड दिई जलवायु अनुकुल मानवीय जीवन र वस्तीको विकास गरिनेछ ।
१७०. प्रत्येक वडामा सुरक्षित स्थानहरुको पहिचान गरी विपद पीडितहरुलाई सुरक्षित स्थानमा राख्न व्यवस्थित गरिनेछ ।
१७१. विपद जोखिम सचेतिकरण तथा न्यूनिकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
१७२. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई स्तरोन्नत्ती गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
१७३. सामुदायिक वन तथा विकास साझेदार संस्थाहरु सँग समन्वय गरि वन वातावरण तथा सामाजिक क्षेत्र विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१७४. एक व्यक्ति एक रुख कार्यक्रम सञ्चालन गरिनेछ ।

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

२६. आगामी आ.व. २०८१/०८२ का लागि पेश कुल बजेट तथा विषयगत विनियोजन विवरण अब, म, आगामी आर्थिक बर्षको लागि हामीले पेश गरेको खर्च व्यहोर्ने स्रोतहरुको वारेमा संक्षिप्तमा प्रकाश पार्न चाहन्छु :

**संघिय, प्रदेश र स्थानीय सरकारको तर्फबाट :**

| श्रोत | संघिय सरकार | प्रदेश सरकार |
|---|---|---|
| समानिकरण अनुदान | १२ करोड ९३ लाख | ९४ लाख ८४ हजार |
| शसर्त अनुदान चालु | २२ करोड ७३ लाख ५ हजार | 0।00 |
| शसर्त अनुदान पुँजीगत | ४ करोड ४६ लाख | ९५ लाख |
| विशेष अनुदान पुँजीगत | 0।00 | ३० लाख |
| समपुरक अनुदान | ५० लाख | २० लाख |
| राजश्व बाँडफाँड | ११ करोड ५५ लाख | १ करोड |
| सामाजिक सुरक्षा भत्ता | १८ करोड | 0।00 |
| जम्मा | ७० करोड १७ लाख ५ हजार | ३ करोड ३९ लाख ८४ हजार |
| आन्तरिक श्रोत | ३० लाख | |
| **कुल जम्मा** | **७३ करोड ८६ लाख ८९ हजार मात्र ।** | |

रामशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७२

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

नगरसभाका सदस्यहरु,

यो आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयन बाट नगरको विकासको आधारशिला खडा हुनेछ, आर्थिक पार्दर्शिता र सुशासन कायम हुनेछ । नगरको सेवाको गुणस्तर वृद्धि भई बलरा उत्कृष्ट नगर सरकारको रुपमा अंकित हुनेछ । यो नीति तथा कार्यक्रको प्रभावकारी कार्यान्वयनमा सवै क्षेत्रबाट विशिष्ट योग्दान हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा नगरको विकासमा योगदान पुर्याउनु हुने जनप्रतिनिधिहरु र राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, निजी क्षेत्र, सहकारी तथा संघ संस्था नागरिक समाज, वुद्धिजिवि, भलादमी, संचार जगत, सुरक्षा निकाय तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।
बलरा नगरसरकारको तर्फबाट मैले हालसम्म प्राप्त उपलब्धीहरुलाई अझ सुदृढ वनाउदै आर्थिक, सामाजिक, पूर्वाधार र साँस्कृतिक लगायत सवै क्षेत्रको समतामुलक विकासका लागि "स्वस्थ जीवन, प्राविधियुक्त गुणस्तरीय शिक्षा, उन्नत कृषि प्रविधि, व्यवस्थित सडक विस्तार, आर्थिक समृद्धिको आधार" भन्ने दिर्घकालिन लक्ष्य सहित समृद्ध नगर र सुखी नगरवासीको आकांक्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८१-०८२ को बार्षिक नीति तथा कार्यक्रम पेश गरेको छु ।

धन्यवाद

रामाशंकर प्रसाद कुशवाहा
नगर प्रमुख

नगर प्रमुख
रामा शंकर प्रसाद कुशवाहा

बलरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७२